**निर्णयहरुः-**

**<u>निर्णय नं.-१</u>**

साविकमा करदाता सेवा कार्यालयहरुबाट प्रदान भैरहेका सेवाहरु नेपाल सरकारको मिति २०८२/०७/१७ गतेको निर्णय बमोजिम स्थानीय तहहरुबाट प्रदान गर्ने सम्बन्धमा आन्तरिक राजश्व कार्यालय हेटौंडा, मकवानपुर र भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भीमफेदी मकवानपुर बीचमा मिति २०८३ जेठ ८ गते भएको समझदारीपत्र ( Memorandum Of Understanding-MOU) अनुमोदन गर्ने।

**<u>निर्णय नं.-२</u>**

**देहायका समितिहरुवाट पेश भएका प्रतिवेदनहरु देहाय वमोजिम गर्ने।**

(क) यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको सुशासन तथा संस्थागत विकास समितिबाट पेश भएका प्रतिवेदन पारित गर्ने ।

(ख)यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको सामाजिक विकास समितिबाट पेश भएका प्रतिवेदन पारित गर्ने ।

(ग) यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको आर्थिक विकास समितिबाट पेश भएका प्रतिवेदन पारित गर्ने ।

(घ) यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको पूर्वाधार विकास समितिबाट पेश भएका प्रतिवेदन पारित गर्ने ।

(ङ) यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको वन वातावरण तथा विपद् व्यवस्थापन समितिबाट पेश भएका प्रतिवेदन पारित गर्ने ।

(च) यस भीमफेदी गाउँपालिका अन्तर्गत रहेको राजश्व परामर्श समितिबाट पेश भएका प्रतिवेदन पारित गर्ने ।

**<u>निर्णय नं.३</u>**

यस गाउँपालिकाको आर्थिक सुशासन तर्फ आर्थिक बर्ष २०८२/०८३ मा दायित्व सृजना भएको तर विविध समस्याको कारण भुक्तानी हुन नसकेको आन्तरीक राजस्व कार्यालय, व्यक्ति फर्म एवं संस्थाहरुलाई उपलब्ध गराउनुपर्ने अनिवार्य दायित्व रकमहरु भुक्तानी गर्नको लागि १२औं गाउँ सभाबाट विनियोजित बजेट आन्तरिक श्रोत, नगद तर्फ मार्फत महालेखा परिक्षक फारम नं.२२१ बमोजिमको "भुक्तानी दिन बाँकी कच्चाबारी विवरण "अनुसार भुक्तानी गर्न कार्यालयलाई अख्तियारी दिने।